# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
## महेन्द्रनगर, कञ्चनपुर

# विद्यावारिधी कार्यक्रम सञ्चालन कार्यविधी
# २०७७

२०७७ श्रावण

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

## विद्यावारिधी कार्यक्रम सञ्चालन कार्यविधी

## २०७७

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद १२ नियम १०२(१) र सोही नियमावलीको परिच्छेद २६ को नियम १५४(छ) अन्तर्गत रही विद्यावारिधी (पिएच. डी) उपाधिका लागि सञ्चालन गरिने कार्यविधी तयार पारिएको छ ।

### परिच्छेद-१

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधीको नाम "विद्यावारिधी (Ph. D.)" कार्यक्रम सञ्चालन कार्यविधी २०७७ रहेको छ ।

(ख) यो कार्यविधी सुदूरपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गत सञ्चालन गरिने "विद्यावारिधी (Ph. D.)" कार्यक्रमका लागि हुनेछ ।

(ग) यो कार्यविधी सुदूरपश्चिमाञ्चल विश्वविद्यालय प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१.२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालय बुझ्नु पर्दछ।

(ख) "प्राज्ञिक परिषद्" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको प्राज्ञिक परिषद्लाई बुझाउने छ ।

(ग) "विद्या परिषद्" भन्नाले विभिन्न संकाय अन्तर्गतको विद्या परिषद् (Faculty Board) लाई बुझाउने छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्लाई बुझाउने छ ।

(ङ) "संकाय" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न संकाय भन्ने बुझिने छ ।

(च) "डीन" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको सम्बन्धित संकायको डीन भनी बुझ्नु पर्नेछ ।

(छ) "सदस्य" भन्नाले संकायको अनुसंधान समितिको सदस्य बुझ्नु पर्दछ ।

(ज) "शैक्षिक संस्था" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठान तथा कलेजहरू र ती अन्तर्गतका संकाय, स्कूल, केन्द्रीय विभागलाई बुझ्नु पर्दछ ।

(झ) "विभाग" भन्नाले सम्बन्धित विषयको केन्द्रीय विभाग बुझ्नु पर्दछ ।

(ञ) "अनुसन्धान समिति" (Research Committee) भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद २६ नियम १५४ को (छ) मा उल्लेखित "अनुसन्धान समिति" भन्ने बुझ्नु पर्दछ ।

(ट) "पाठ्यक्रम" भन्नाले विद्यावारिधीको उम्मेदवारले आफ्नो अनुसन्धान प्रतिवेदन तयार गर्न अनुसन्धान शुरू गर्नु भन्दा अघि पूरा गर्नु पर्ने पाठ्यक्रम बुझ्नु पर्दछ ।

(ठ) "प्रवेश परीक्षा" भन्नाले "विद्यावारिधी" कार्यक्रममा भर्ना हुनका लागि डीन कार्यालयको सहमतिमा केन्द्रीय विभागले लिने परीक्षा बुझ्नु पर्दछ ।

(ड) "सेमेष्टर" (Semester) भन्नाले सामान्यतया १ क्रेडिटको प्रतिहप्ता १ घण्टाको कक्षा हुने गरि १५/१६ हप्तासम्म कक्षा सञ्चालन हुने व्यवस्था एवं समयावधिलाई सम्झनु पर्दछ ।

(ढ) "क्रेडिट घन्टा" (Credit Hour) भन्नाले सामान्यतया सेमेष्टर प्रणाली अन्तर्गत प्रति हप्ता एक घन्टा शिक्षण सहित सम्बन्धित विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाले तोकेको प्रायोगिक कार्य, पठन कार्य समेत भएको पाठ्यभार बुझ्नु पर्दछ । यसले उच्चशिक्षा योग्यता प्रारूप (Higher Education Qualification Framework) मा उल्लेख भए वमोजिम क्रेडिट घन्टालाई पनि बुझाउने छ ।

(ण) "जीपिए" (GPA : Grade Point Average) भन्नाले ग्रेडिङ्ग परीक्षा प्रणाली अंगालेका उच्च शैक्षिक संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(त) "सिजीपिए" (CGPA : Cumulative Grade Point Average) भन्नाले ग्रेडिङ्ग प्रणाली अंगालेका उच्च शैक्षिक संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित कुल ग्रेड (Cumulative Grade) बुझ्नु पर्दछ ।

(थ) "श्रेणी" (Division) भन्नाले अंक दिने परीक्षा प्रणाली अपनाएका उच्चशिक्षा संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(द) "शोधार्थी" (Research Scholar) भन्नाले संकायद्धारा सञ्चालित विद्यावारिधी कार्यक्रममा भर्ना भइ नाम दर्ता गराइ सकेका शोधार्थीलाई जनाउँछ ।

(ध) "अनुसन्धान लेख" (Research Article) भन्नाले संकाय अनुसन्धान समिति, विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित (Peer-Reviewed) अनुसन्धानमूलक प्राज्ञिक जर्नलमा प्रकाशित शोधलेख भन्ने बुझ्नु पर्दछ ।

(न) "सूचीकृत जर्नल" (Indexed Journal) भन्नाले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नल बुझ्नु पर्दछ ।

(प) "शोध प्रबन्ध" (Thesis/ Dissertation) भन्नाले एम. फिल./विद्यावारिधी उपाधिको लागि तयार गरिने शोध प्रवन्ध भन्ने बुझ्नु पर्दछ ।

(फ) “मूल्याङ्कन समिति” (Evaluation Committee) भन्नाले विद्यावारिधि उपाधिको लागि शोधार्थी (Research Scholar) ले प्रस्तुत गरेको शोध प्रवन्ध प्रस्तुतिका लागि योग्य छ भनी मूल्याङ्कन गर्न विभागले बनाएको दुई सदस्यीय समितिलाई बुझ्नु पर्दछ ।

(ब) “मौखिक परीक्षा” (Viva Voce) भन्नाले मूल्याङ्कन समितिले शोध प्रबन्धको परीक्षण गरी प्रतिवेदन बुझाइ सकेपछि शोधार्थी (Research Scholar) ले खुल्ला रूपमा प्रतिरक्षा (Defence) गर्नका लागि विभागले मुल्याङ्कन गर्न व्यवस्था गरेको मौखिक प्रस्तुति बुझ्नु पर्दछ ।

(भ) “शुल्क” भन्नाले सुविधा दिए वापत लाग्ने शुल्क बुझ्नु पर्दछ ।

(म) “विशेष शुल्क” भन्नाले विशेष सुविधा दिए वापत लाग्ने शुल्क बुझ्नु पर्दछ ।

(य) “शैक्षिक पात्रो” (Academic Calendar) भन्नाले विश्वविद्यालयले तोकेको शैक्षिक पात्रो भन्ने बुझिन्छ ।

(र) “शोध निर्देशक” (Research Supervisor) भन्नाले संकायद्वारा सञ्चालित विद्यावारिधी कार्यक्रममा शोधार्थीका लागि तोकिएको निर्देशक लाई जनाउँछ ।

## परिच्छेद २

**(१) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको "विद्यावारिधी (Ph. D.)" कार्यक्रमको स्वरूप**

(क) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको विद्यावारिधीको कार्यक्रम पाठ्य कार्य (Coursework) मा आधारित कार्यक्रम हुनेछ । जस अन्तर्गत विद्यावारिधीमा भर्ना भएका अनुसंधाताले (Researcher) ले १२/१२ क्रेडिट आवरका दुई सत्रमा पाठ्यांशमा आधारित कोर्षहरू पुरा गर्नु पर्नेछ । विद्यावारिधीको पठन पाठन सेमेष्टर प्रणाली (Semester system) मा चल्नेछ ।

(ख) शुरूका दुई सत्रमा पाठ्य कार्य (Coursework) पुरा गरि सकेपछि तेश्रो सत्रमा शोधार्थीले आफ्नो अनुसंधानको क्षेत्रमा Reading List तयार पारी, श्रोतको संष्लेषण (Annotation) गरि शोध प्रस्ताव (Research Proposal), Synthesis paper र Seminar paper तयार पारी सम्बन्धित विभागमा पेश गरी प्रतिरक्षा (Defence) गर्नेछन् ।

(ग) प्रस्ताव पत्र (Proposal) प्रतिरक्षा गरी सकेपछि शोधार्थीले विद्यावारिधी अनुसंधान प्रतिवेदन (Dissertation) लेख्न शुरू गर्ने छन् ।

(घ) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको विद्यावारिधीको पाठ्यक्रम जम्मा भार ६० क्रेडिट धण्टा (Credit Hour) बराबर हुनेछ । त्यसको वर्गीकरण निम्नानुसार हुनेछ ।

(अ) प्रथम सत्रको पाठ्यक्रम १२ क्रेडिट

(आ) दोश्रो सत्रको पाठ्यक्रम १२ क्रेडिट

(इ) तेश्रो सत्रको रिडिङ्ग लिष्ट ६ क्रेडिट

(ई) विद्यावारिधीको शोध प्रवन्ध ३० क्रेडिट (यसमा शोध प्रवन्ध लेखन, प्रस्तुति, आन्तरिक मूल्याङ्कन, Pre-viva, वाह्य परीक्षण र मौखिक परिक्षा (Viva voce) समेत समावेश हुनेछ ।)

(ङ) विद्यावारिधी गर्न चाहने शोधार्थीले एम. फिल. तहको प्रथम र दोश्रो सत्रको २४ क्रेडिटको कोर्ष उत्तीर्ण गरी एम. फिल. उपाधि नलिई विद्यावारिधी गर्न चाहेमा त्यस पछिको ६ क्रेडिट बराबरको रिडिङ्ग लिष्ट (Reading List) तयार गरी शोध प्रस्ताव (Research Proposal), Synthesis paper र Seminar paper को प्रतिरक्षा गरी यो कार्यविधीको परिच्छेद २ को नियम १ को (ख) अनुसार विद्यावारिधीको अनुसंधान प्रतिवेदन लेख्न उन्मुख हुने छन् ।

(च) कुनै शोधार्थीले एम. फिल. को उपाधि प्राप्त गरी सकेपछि विद्यावारिधी गर्न चाहेमाः

अ. विद्यावारिधीको शोध प्रस्ताव (Research Proposal) र एम. फिल. को शोध सारांश सहित भर्नाको लागि निवेदन दिनु पर्नेछ ।

आ. त्यस्तो शोधार्थीले आफ्नो शोध प्रस्तावको सफलता पूर्वक प्रतिरक्षा गरि सकेपछि विद्यावारिधीमा निजलाई भर्ना दिन सकिनेछ ।

इ. विद्यावारिधीमा भर्ना भएका शोधार्थीले यो कार्यविधीको परिच्छेद २ को नियम १ को (ख) बमोजिम Reading List तयार एवं संप्लेशण गरि Synthesis paper र Seminar paper को कार्य पुरा गरि सकेपछि विद्यावारिधीको अनुसंधान प्रतिवेदन लेख्न तर्फ उन्मुख हुने छ ।

(छ) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको विद्यावारिधीको उपाधि प्राप्त गर्न निम्न ३ वटा पद्धति अपनाइनेछ :

अ. विद्यावारिधीको पाठ्य कार्य तथा तोकिएका अतिरिक्त आवश्यकता पुरा गरिसके पछि अनुसंधान प्रतिवेदन लेख्ने, (Coursework-based Ph. D.)

आ. एम. फिल. को दुई सत्रको पाठ्य कार्य तथा तोकिएका अतिरिक्त आवश्यकता पुरा गरि सकेपछि विद्यावारिधीको अनुसन्धान प्रतिवेदन लेख्ने, (M. Phil leading to Ph. D.)

इ. एम. फिल. गरीसकेका शोधार्थीले तोकिएका अतिरिक्त आवश्यकता पुरा गरि अनुसन्धान प्रतिवेदन लेख्ने । (Ph. D. after M. Phil)

(ज) विद्यावारिधीको पठन पाठनको सम्पूर्ण कार्य डीन कार्यालयको निगरानीमा सम्बन्धित विभागले गर्नेछ । एम. फिल. एवं पिएच. डी. को पाठ्यक्रमको सञ्चालन संयुक्त रूपमा पनि हुन सक्नेछ ।

(झ) पाठ्य कार्य (Coursework) मा आधारित विद्यावारिधीको प्रथम सत्रको कक्षाभारमा उत्तीर्ण नभएका शोधार्थीलाई दोश्रो सत्रमा जाने अनुमति दिइने छैन । दोश्रो सत्रको परीक्षा उत्तीर्ण नगरी Reading List, Synthesis paper र Seminar paper को कार्य गर्न पाइने छैन ।

(ञ) शोधार्थीले सम्बन्धित विभागमा प्रस्ताव पत्र प्रतिरक्षा गर्ने, Reding List तयारी एवं संप्लेषण गर्ने तथा Synthesis paper र Seminar paper बुझाई प्रतिरक्षा गर्ने कार्य तेश्रो सत्र भित्र गरी सक्नु पर्नेछ ।

(ट) शोध प्रस्ताव (Research Proposal) प्रतिरक्षा गरी पाठ्य कार्य (Reading List), Synthesis paper, Seminar paper तयार पारी प्रतिरक्षा गरेको २ वर्ष भित्र शोधार्थीले डीन कार्यालयमा शोधपत्र बुझाउन सक्नेछ । शोधार्थीलाई आफ्नो शोध कार्य पूरा गर्न जम्मा पाँच वर्षको समय दिइनेछ । ५ वर्षसम्म शोधकार्य पूरा नगरेमा शोधार्थीले सम्बन्धित संकाय डीन समक्ष आफ्नो शोध निर्देशकको सिफारीश सहित १ वर्ष समय थप गर्न निवेदन दिन सक्ने छन् । तर, समय थप गर्दा डीन कार्यालयले अतिरिक्त शुल्क लिनेछ ।

## परिच्छेद ३

**(३.१) विद्यावारिधीमा भर्ना र कक्षा सञ्चालन**

(क) विद्यावारिधीमा भर्नाका लागि सम्बन्धित डीन कार्यालयहरूले वर्षको एक पटक विश्वविद्यालयको शैक्षिक पात्रो अनुकूल हुने गरी विज्ञापन गर्ने छन् ।

(ख) भर्नाको लागि शोधार्थीहरूले आफ्नो योग्यताका प्रमाण पत्रहरू संलग्न राखी डीन कार्यालयले उपलब्ध गराएको भर्ना फाराम भरी पेश गर्नु पर्नेछ । तर भर्नाको लागि स्नातकोत्तर तह तेश्रो श्रेणी वा ३.० जीपिए भन्दा तल ग्रेड आएका शोधार्थीले आवेदन दिन पाउने छैनन् ।

(ग) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको विद्यावारिधीको लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका शोधार्थीहरू मध्येबाट मेरीटका आधारमा विद्यावारिधीको लागि छनौट गरी अस्थायी दर्ता गरिनेछ । प्रवेश परीक्षा विभाग सँगको सहकार्यमा सम्बन्धित डीन कार्यालयले लिनेछ र विद्यावारिधिका शोधार्थीको भर्ना पनि डीन कार्यालयले लिनेछ ।

(घ) विद्यावारिधीमा भर्ना भएका शोधार्थीले प्रथम र दोस्रो सत्रको कक्षामा ७५% हाजिरी अनिवार्य रूपमा हुनु पर्नेछ । सो भन्दा कम हाजिरी हुने शोधार्थीलाई कार्यक्रममा निरन्तरता दिइने छैन ।

(ङ) विद्यावारिधीमा भर्ना भएका शोधार्थीहरूको प्रथम र द्वितीय सत्रको अध्यापन Reading List को तयारी, शोध प्रस्ताव (Research Proposal), Synthesis Paper, र Seminar Paper को मूल्याङ्कन विभागले तोकेको नियमानुसार सम्बन्धित विभागले नै गर्नेछ ।

**(३.२) विद्यावारिधीको शोध प्रबन्ध सम्बन्धी व्यवस्था**

(क) विद्यावारिधीको शोधार्थीले शोध प्रस्ताव (Research Proposal) प्रतिरक्षा गरी कोर्ष वर्क, Reading List तयार पारी Synthesis Paper, Seminar Paper प्रतिरक्षा गरीसके पछि शोध प्रबन्ध लेख्न शुरू गर्नेछन् ।

(ख) शोधार्थीको चयन र सम्बन्धित प्राध्यापकको स्वीकृतिमा डीन कार्यालयले शोधार्थीको शोधमा सघाउ पुऱ्याउन चार सदस्यीय अनुसन्धान समिति ( Dissertation Committee ) बनाउनेछ । त्यसमा शोधार्थीको शोध निर्देशक (Research Supervisor), सह शोध निर्देशक (Research Co-Supervisor), विभागीय प्रमुख र डीन संलग्न हुनेछन् । शोधार्थीले शोध निर्देशक र सह शोध निर्देशकको मातहतमा शोध कार्य गर्नेछन् ।

(ग) शोधार्थीले शोध कार्यको थालनी, शोध शीर्षकको चयन, शोध प्रस्तावको प्रतिरक्षा, पूर्व कार्यको समीक्षा, त्यसको प्रस्तुति, प्रतिरक्षा र सेमिनार पेपरको प्रस्तुति तथा प्रतिरक्षा गरीसकेपछि मात्र शोधपत्र लेख्न योग्य मानिनेछ । यी सबै कार्यहरूको प्रतिरक्षा विभागमा नै सम्पन्न गरिनेछ ।

(घ) विभाग र शोधार्थी बीचको प्राज्ञिक छलफलको आधारमा पाठ्य वस्तुको सुची (Reading List) को निर्माण हुनेछ । शोधार्थीले छानेको पाठ्य सामाग्रीको अध्ययन पछि विभागले तोकेको ढाँचामा प्रस्तुती र मूल्याङ्कनको ढाँचा विभागले तोके वमोजिम हुनेछ ।

(ङ) शोधपत्र लेखन सम्पन्न गर्ने अवधिसम्म शोधार्थीले कम्तीमा २ वटा अनुसन्धानात्मक लेख मध्ये कुनै एउटा राष्ट्रिय र एउटा अन्तर्राष्ट्रिय Peer Reviewed जर्नलमा प्रकाशन गरिसकेको हुनु पर्नेछ ।

(च) शोधार्थीले विद्यावारिधीको कोर्ष लगायत माथी उल्लेखित कार्यहरू समेत गरिसकेपछि शोध निर्देशकको निर्देशनमा शोध प्रबन्ध तयार गरी डीन कार्यालयमा २ प्रति शोध प्रबन्ध पेश गर्नेछन् । त्यसरी पेश गरिएको शोध प्रबन्धको २ जना विशेषज्ञ बाट मूल्याङ्कन गराईनेछ ।

(छ) आन्तरिक मूल्याङ्कनको लागि विशेषज्ञलाई १ महिनाको समय दिईनेछ ।

(ज) एक महिनाको आन्तरिक मूल्याङ्कनको समय सकी आन्तरिक मूल्याङ्कन रिपोर्ट प्राप्त भएको १० दिन भित्र प्रारम्भिक प्रतिरक्षा (Pre-Viva) डीन कार्यालयमा सम्पन्न हुनेछ ।

(झ) शोध प्रबन्धको आन्तरिक मूल्याङ्कनबाट पहिलो पटक नकारात्मक प्रतिवेदन आएमा शोधकर्तालाई पुनः काम गर्न लगाईनेछ । त्यसरी सच्याएर आएको शोध प्रबन्धलाई १ पटक थप आन्तरिक मूल्याङ्कनको लागि पठाईनेछ । सो मूल्याङ्कन पनि नराम्रो आए शोधार्थीलाई आफ्नो कार्य सच्याउन अन्तिम पटक मौका दिई आन्तरिक मूल्याङ्कन गर्न लगाईनेछ । अन्तिम पटक पनि शोध प्रबन्ध स्वीकारयोग्य नभए शोध प्रबन्ध अस्वीकृत भएको मानिनेछ ।

(ञ) प्रारम्भिक मूल्याङ्कन पछि शोधार्थीले पाएका सुझाव समेतलाई मध्यनजर गरी शोध प्रबन्ध सुधार गरी डीन कार्यालयमा शोध प्रबन्धको Loose Binding ३ प्रति पेश गर्नुपर्नेछ ।

(ट) सुधार सहित प्राप्त भएको शोधपत्र यदि मूल्याङ्कन योग्य देखिएमा भावहरण परीक्षण (Plagiarism check) पश्चात् अन्तिम बाह्य मूल्याङ्कनको लागि दुई जना विषय विशेषज्ञ कहाँ पठाईनेछ । बाह्य मूल्याङ्कनको लागि ४५ दिनको समय दिईनेछ । मूल्याङ्कनकर्ता देश वा विदेशको कुनै विश्वविद्यालयको सम्बन्धित विषयको प्राध्यापक हुनेछ ।

(ठ) शोध प्रबन्धको बाह्य मूल्याङ्कनको रिपोर्ट ४५ दिन भित्र प्राप्त भईसके पछि १ महिना भित्र शोधार्थीको अन्तिम मौखिक परीक्षा (Viva defence) डीन कार्यालयमा अनुसन्धान समितिको रोहवरमा हुनेछ । त्यसमा बाह्य मूल्याङ्कनकर्ता मध्ये १ जनालाई प्रमुख परीक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

(ड) अन्तिम परीक्षा (Viva Voce) मा बाह्य मूल्याङ्कनकर्ताले निर्णय गरी सकेपछि डीनले शोधार्थीलाई शोध प्रबन्धमा सुधार गर्नुपर्ने/नपर्ने सुझाव दिदैं अस्थायी रूपमा उपाधि दिईएको/नदिईएको घोषणा गर्नेछ ।

(ढ) शोधार्थीको शोध प्रबन्ध सामान्य सुधार गर्नु पर्ने सुझाव सहित स्वीकृत भएमा डीन कार्यालयले शोधार्थीलाई विद्यावारिधीको अस्थायी उपाधिको पत्र दिनेछ ।

(ण) सुधार गर्नु पर्ने सुझाव पाएको ३ महिना भित्र शोधार्थीले शोध प्रबन्धमा सुधार गरी आफ्नो निर्देशक र सह निर्देशकको हस्ताक्षर गराई ६ प्रति शोध प्रबन्ध स्थायी गाता (Hard Binding) लगाई डीन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(त) त्यसरी शोध प्रबन्ध अन्तिम रूपमा बुझाए पछि डीन कार्यालयको अनुसन्धान समितिले शोधार्थीलाई विद्यावारिधी (Doctor of Philosophy) को उपाधि प्रदान गर्नेछ र परीक्षा नियन्त्रण कार्यालयलाई उपाधि प्रमाण पत्र प्रदान गर्न पत्राचार गर्नेछ ।

(थ) कुनै शोध प्रबन्ध स्वीकार वा अस्वीकार गर्ने अन्तिम निर्णय संकायको अनुसन्धान समितिले गर्नेछ ।

(द) विद्यावारिधीको अवधि पाँच वर्षको हुनेछ सो समयमा काम पूरा गर्न नसकेको खण्डमा शोध निर्देशक र सह-निर्देशकको सिफारिस सहित शोधार्थीले डीन कार्यालयमा समय थप गर्न निवेदन दिनु पर्नेछ । सो निवेदन अनुसार म्याद थप गर्न मनासिव देखिएमा डीन कार्यालयको अनुसन्धान समितिले १ वर्षको म्याद थप्न गर्न सक्नेछ । यसरी ३ पटक भन्दा वढी समय थप गरिने छैन । थपिएको ३ पटकको समय भित्र पनि शोधकर्ताले शोधकार्य सम्पन्न गर्न नसके निजको विद्यावारिधी दर्ता स्वतः खारेज हुनेछ ।

**(३.३) विद्यावारिधिको फरक व्यवस्था**

**३.३.१ एम. फिल. गरी विद्यावारिधिमा आउने शोधार्थीको लागि**

(क) एम. फिल. गरीसकेका शोधार्थीले विद्यावारिधि गर्न चाहेको खण्डमा डीन कार्यलयले विद्यावारिधीको लागि विज्ञापन गरेको वेला प्रवेशको लागि निवेदन दिनु पर्नेछ ।

(ख) निवेदन सँग एम. फिल. मा गरेको शोधको साराशं र विद्यावारिधी प्रस्तावपत्र पेश गर्नुपर्नेछ ।

(ग) डीन कार्यालयले उपरोक्त शोध साराशं र शोध प्रस्ताव विज्ञ कहाँ मूल्याङ्कनको लागि पठाउनेछ र स्वीकार योग्य भए निजलाई सम्बन्धित विभागमा शोध प्रस्ताव प्रतिरक्षा गर्न पठाईनेछ ।

(घ) शोध प्रस्ताव प्रतिरक्षामा स्वीकार योग्य भए मात्र त्यस्तो शोधार्थीलाई विद्यावारिधीमा दर्ता गरिनेछ ।

(ङ) दर्ता भइसकेपछि शोधार्थी र विभागको सल्लाह लिई डीन कार्यालयले निजको शोध निर्देशक र सहायक निर्देशक तोक्नेछ ।

(च) शोधार्थीको शोध निर्देशक र सह शोध निर्देशक तोकि सके पछि निजले विभाग र निजका निर्देशकहरूको सल्लाहमा पाठ्यवस्तुको सूची तयार पार्ने (Reading List), समीक्षा पत्र (Synthesis paper) र गोष्ठी पत्र (Seminar paper) तयार गरि विभागले निर्धारण गरेको मूल्याङ्कन प्रक्रिया पूरा गर्नुपर्नेछ । अन्य कार्य पाठ्य कार्यमा (Coursework) मा आधारित विद्यावारिधी सरह हुनेछ ।

**३.३.२ एम. फिल. को पाठ्य कार्य पुरा गरी विद्यावारिधीमा भर्ना हुने शाधार्थीका लागि (Provisions for students with non-terminating M. Phil.)**

(क) एम. फिल. को पाठ्य कार्य पूरा गरी शोध प्रवन्ध (Thesis) लेख्ने कार्य नगरी सिधै विद्यावारिधी तिर उन्मुख हुन चाहने शोधार्थीले डीन कार्यालयले विद्यावारिधीको विज्ञापन आह्वान गरेको समयमा भर्नाको लागि आवेदन दिनु पर्नेछ । त्यस्ता शोधार्थीले विद्यावारिधीको प्रवेश परीक्षा दिनु पर्ने छैन ।

(ख) डीन कार्यालयले भर्ना गर्न योग्य ठहराई भर्ना दिएको खण्डमा त्यस्तो शोधार्थीले शोध प्रस्ताव (Research Propasal), पाठ्य सूची (Reading List), समीक्षा पत्र (Synthesis paper), गोष्ठी पत्र (Seminar paper) सम्बन्धि कार्यहरू विभागले निर्धारण गरेको नियमानुसार पूरा गरी २ वटा लेख मध्ये एउटा राष्ट्रिय र एउटा अन्तर्राष्ट्रिय Peer Reviewed जर्नलमा प्रकाशित गरी विद्यावारिधीको शोध प्रवन्ध पूरा गर्नु पर्नेछ ।

(ग) अन्य कार्यहरू विद्यावारिधीका अन्य विकल्पहरूमा भए सरह हुने छन् ।

## परिच्छेद ४

### ४.१. विद्यावारिधी कार्यक्रम चलाउन चाहिने संस्थागत योग्यता

(क) विद्यावारिधीको कार्यक्रम सञ्चालन गर्न चाहने विभाग/स्कूल वा कलेजले कम्तिमा ५ वर्षसम्म सम्बन्धित विषयमा स्नातकोत्तर तह अध्यापन गराएको हुनु पर्नेछ । तर, एउटै विश्वविद्यालय अन्तर्गत एउटै विषयमा विद्यावारिधी गराउन विभाग/स्कूल वा कलेजलाई स्वीकृति दिने/नदिने निर्णय सम्बन्धित विभाग, स्कूल वा कलेजलाई सम्बन्धित संकायको डीनको सिफारीशमा कार्यकारी परिषद्‌ले गर्नेछ ।

(ख) डीन कार्यालयले विभाग वा स्कूलहरूले सञ्चालन गरेको विषयहरूमा मात्र विद्यावारिधी उपाधि प्रदान गर्नेछ ।

(ग) विद्यावारिधी दिइने विषयमा प्राध्यापक, सह प्राध्यापक र उप प्राध्यापक गरी कम्तीमा ५ जना विज्ञ हुनु पर्नेछ । शोध निर्देशकहरू अनिवार्य रूपमा विद्यावारिधी गरेको हुन पर्नेछ ।

(घ) विद्यावारिधी गराउने शोध निर्देशक र सहायक शोध निर्देशकले विद्यावारिधी पछि कम्तीमा २ वर्ष प्राध्यापन गरेको हुनु पर्नेछ ।

(ङ) शोध निर्देशक हुने व्यक्तिले पहिले कुनै एउटा शोधार्थीको सह शोध निर्देशक भई काम गरि सकेको हुनु पर्नेछ ।

परिच्छेद ५

## ५.१ विद्यावारिधी कार्यक्रम सञ्चालन

(क) विद्यावारिधी तहको भर्ना कार्यक्रमको आर्थिक, प्रशासनिक कार्यहरूको सञ्चालन एवं अनुगमन डीन कार्यालयबाट हुनेछ । तर Coursework को पठन पाठन Reading Lst संग सम्बन्धित कार्यहरू, Synthesis Paper र Seminar paper सम्बन्धी सम्पूर्ण शैक्षिक कार्यको जिम्मेवारी विभागले लिनेछ । अनुसंधानात्मक लेख प्रकाशन गराउने बारे शोधार्थीलाई सतर्क राख्ने काम भने डीन कार्यालयको हुनेछ ।

(ख) शोधार्थीले शोध प्रवन्ध डीन कार्यालयमा बुझाई सकेपछि आन्तरिक मूल्याङ्कन सम्बन्धि सम्पूर्ण कार्यहरूको जिम्मा डीन कार्यालयको हुनेछ ।

(ग) विद्यावारिधीका शोधार्थीहरूले बुझाउनु पर्ने शुल्क डीन कार्यालयमा बुझाउनु पर्नेछ र विभागमा भएको खर्चको भुक्तानी डीन कार्यालयले नै गर्नेछ ।

(घ) विद्यावारिधीको कुनै पाठ्क्रमको पठन पाठन अन्तर विभाग, अन्तर अनुशासनीय (Interdisciplinary) रूपमा संयुक्त रूपमा गर्नु पर्ने भएमा त्यसको संयोजनको व्यवस्थापन डीन कार्यालयले गर्नेछ । यस्तो सहकार्य गर्दा विभिन्न संकायमा एउटै प्राज्ञिक पात्रो (Academic Calendar) अनिवार्य रूपमा लागू हुनेछ ।

(ङ) विश्वविद्यालयमा भएका प्राध्यापक, सह प्राध्यापक एवं उप प्राध्यापकले मात्र विद्यावारिधीको कक्षा सञ्चालन र शोध प्रवन्धको कार्य गर्न असहज भएको अवस्थामा अन्य स्वदेशी वा विदेशी विश्वविद्यालयका प्राध्यापक र अवकाश प्राप्त प्राध्यापक वा विद्यावारिधी उपाधि हासिल गरी प्राज्ञिक शोधको अनुभव भएका विज्ञहरूको सहायता लिन सकिनेछ ।

(च) पाठ्यक्रममा आधारित विद्यावारिधी कार्यक्रम सञ्चालन सन्दर्भमा लिनुपर्ने प्रवेश परीक्षा, सत्रान्त परीक्षा, प्रारम्भिक मौखिक परीक्षा (Pre–viva) र अन्तिम मौखिक परीक्षा (Final Viva Voce) को जिम्मेवारी डीन कार्यालयको हुनेछ । डीनले सो कार्यमा आवश्यकता अनुसार विभागसंग सहकार्य गर्नेछ ।

## परिच्छेद ६

### ६.१ विद्यावारिधीको खर्च व्यवस्थापन

(क) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको विद्यावारिधीको कार्यक्रम शोधार्थीको योगदानमा आधारित आन्तरिक श्रोतबाट सञ्चालित कार्यक्रम हुनेछ ।

(ख) डीन कार्यालयले विद्यावारिधी कार्यक्रमको आर्थिक व्यवस्थापन गर्नेछ । विभागले प्राज्ञिक जिम्मेवारी मात्र लिनेछ ।

(ग) विद्यावारिधीको कार्यक्रमको आयव्ययको विवरण अनुसूची १ मा दिए अनुरूप हुनेछ ।

(घ) विद्यावारिधी कार्यक्रममा भर्ना भएका शोधार्थीले अनुसूची १ मा उल्लेख गरे वमोजिम डीन कार्यालयले तोके अनुसार किस्तावन्दीमा शुल्क बुझाउनु पर्नेछ ।

(ङ) विद्यावारिधी तहमा विश्वविद्यालयको संकायले तोके अनुरूप उत्कृष्ट १०% शोधार्थीलाई शुल्कको ५०% वृत्ति दिनेछ ।

(च) विद्यावारिधी तहमा वृत्ति पाउने शोधार्थीको छनोट निजको शैक्षिक योग्यता, अन्तर्वार्ता तथा डीन कार्यालयले तोकेको मूल्याङ्कन मापदण्ड अनुसार हुनेछ ।

अनुसूची १

(क) पिएच. डी. कार्यक्रमको आय विवरण (आम्दानी)

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | प्रवेश फाराम | १,००० |
| २. | प्रवेश परीक्षा | २,००० |
| ३. | विश्वविद्यालय रजिष्ट्रेशन | २,००० |
| ४. | सेमेष्टर कक्षा शुल्क (प्रति सेमेष्टर) | ५०,००० |
| ५. | सेमेष्टर परीक्षा (दुई पटक) | ३,००० |
| ६. | सेमेष्टर पुनः परीक्षा (प्रति विषय) | १,००० |
| ७. | तेस्रो सत्रको कक्षा प्रति महीना शुल्क | ४,००० |
| ८. | M. Phil. को शोध प्रस्ताव परीक्षण/(Viva) | ८,००० |
| ९. | Synthesis Paper र Seminar Paper परीक्षण/(Viva) | ७,०००/७,००० |
| १०. | भाव हरण (Plagiarism) | ५,००० |
| ११. | शोध प्रवन्धको आन्तरिक परीक्षण (दुई जना) | १३,००० |
| १२. | शोध प्रवन्धको प्रारम्भिक मौखिक प्रतिरक्षा (Pre-Viva) | १३,००० |
| १३. | शोध प्रवन्धको वाह्य परीक्षण | १२,००० |
| १४. | शोध प्रवन्धको अन्तिम मौखिक प्रतिरक्षा ( Final Viva Voce) | ५०,००० |
| १५. | लेख मुल्यांकन (२ वटा) | ५,००० |
| १६. | नवीकरण शुल्क | ३५,००० |
| १७. | अतिरिक्त शुल्क (आवश्यक परेमा) | २५,००० |

ग्रेड सुधार गर्न बढीमा एक विषय ग्रेड सुधारको लागि पुनः परीक्षा दिन पाउने छ ।

(ख) खर्च ⁄ पारिश्रमिक

| क्र. सं. | विवरण | शुल्क |
|---|---|---|
| १ | सेमेष्टर कक्षा लिए वापत प्रति घण्टा⁄ प्रति कक्षा | २,५०० |
| २ | प्रवेश परीक्षा उत्तर पुस्तिक परीक्षण प्रति उ. पु. | १५० |
| ३ | सेमेष्टर परीक्षा उत्तर पुस्तिक परीक्षण प्रति उ. पु. | १०० |
| ४ | शोध निर्देशक | १५,००० |
| ५ | सह शोध निर्देशक | ८,००० |
| ६ | शोधको आन्तरिक मूल्याङ्कन | ५,००० |
| ७ | शोधको वाह्य मूल्याङ्कन | ५,००० |
| ८ | भावहरण परीक्षण | ४,००० |
| ९ | पूर्व प्रस्तुतिमा पारिश्रमिक | नियमानुसार वैठक भत्ता |
| १० | अन्तिम मौखिक परीक्षा | नियमानुसार वैठक भत्ता |
| ११ | शोध आन्तरिक परीक्षा | ५,००० |
| १२ शोध प्रतिरक्षा वाह्य परीक्षक | | |
| क | क. विदेशीको हकमा | कार्यकारी परिषद्को निर्णयानुसार |
| ख | ख. देश भित्र | १०,००० |